**Samriddhi College**

Lokanthali-16, Bhaktapur

TU affiliation Letter

त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
**योजना निर्देशनालय**
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं. ९६४ फा.नं. ०६६।०६८

मितिः २०७७।०९।०२

श्री प्रिन्सिपल
समृद्धि कलेज
लोकन्थली, भक्तपुर ।

**विषयः व्यवस्थापन संकायको कार्यक्रम नवीकरण गरिएको बारे ।**

त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी हाल सञ्चालनमा रहेको त्यस कलेजले कार्यक्रम नवीकरणका लागि आवेदन गरेकोमा, त्रि.वि. कार्यकारी परिषद्को मिति २०७५।०३।२९ गतेको निर्णय बमोजिम त्रि.वि. व्यवस्थापन संकायको प्राज्ञिक नियन्त्रणमा त्यस कलेजमा सञ्चालित कार्यक्रमहरु मिति २०७५।०३।२९ देखि २ वर्ष सम्मको लागि नवीकरण गर्ने निर्णय भएको व्यहोरा आवश्यक जानकारी तथा कार्यार्थ अनुरोध गर्दछु ।

(प्रा.डा. ऋदिश कुमार पोखरेल)
कार्यकारी निर्देशक

बोधार्थ तथा कार्यार्थः–

- श्रीमान् डीनज्यू, व्यवस्थापन संकाय, त्रि.वि., कीर्तिपुर ।
- श्री परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खु ।
- श्री अनुगमन निर्देशनालय, त्रि.वि.,कीर्तिपुर ।
- श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर ।

फोनः ४३३०४३७, ४३३०४२१, फ्याक्स ९७७-१-४३३१९६४, E-mail: planning@tribhuvan-university.edu.np, P.O.Box No.: 8212

त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
# योजना निर्देशनालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं. ३२९ फा.नं.०७५।७६

मितिः ......................
२०७५।५।२४

श्री क्याम्पस प्रमुख
समृद्धि कलेज
लोकन्थली, भक्तपुर ।

**विषयः <u>स्नातक तहमा बि.सि.ए. कार्यक्रम सञ्चालन गर्न स्वीकृति बारे ।</u>**

त्यस क्याम्पस/कलेजले मानविकि तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तहको बि.सि.ए. (Bachelor of Computer Application) कार्यक्रम सञ्चालन गर्नका लागि दिएको निवेदनमा कारवाही हुँदा मानविकि तथा सामाजिकशास्त्र संकाय अन्तर्गत त्यस क्याम्पस/कलेजमा विद्यापरिषद्को सिफारिसमा निम्न शर्तहरू पालना गर्ने गरी चालु शैक्षिक वर्ष २०७५।०७६ देखि बि.सि.ए. कार्यक्रम सञ्चालन गर्न अस्थायी सम्बन्धन स्वीकृति दिने त्रि.वि. कार्यकारी परिषद्को मिति २०७५।५।१० गतेको निर्णयाअनुसार आवश्यक कार्यार्थ अनुरोध गर्दछु ।

शर्तहरू:

१. क्याम्पस/कलेजमा अध्ययनरत कूल विद्यार्थी संख्याको एक महिनाको शिक्षण शुल्क बरावरको रकम प्रत्येक वर्ष सेवा शुल्कको रूपमा त्रि.वि.लाई वुझाउनु पर्नेछ ।
२. क्याम्पस/कलेज र त्रि.वि.को संयुक्त नाममा रू. ६ लाख ५० हजारको अक्षयकोष खोलेको हुनु पर्नेछ र सो रकम त्रि.वि.को स्वीकृति विना सञ्चालन गर्न पाइने छैन तर सो रकमबाट प्राप्त व्याज क्याम्पस/कलेजको शैक्षिक विकास कार्यको लागि खर्च गर्न पाइनेछ । खोलिएको अक्षयकोषको रसिदको फोटोकपी प्रमाणित गरि पेश गर्नु पर्नेछ ।
३. त्रि.वि.को शैक्षिक क्यालेण्डर अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । त्रि.वि.ले निर्णय गरेको शुल्कहरू नियमानुसार नियमित रूपमा वुझाउनु पर्नेछ । प्रत्येक वर्ष नियमित रूपमा भर्ना भएका विद्यार्थीहरूको संख्या, विषय समेत खुल्ने गरी शिक्षकहरूको विवरण र परीक्षा उत्तीर्ण गरेको विद्यार्थीको विवरण त्रि.वि. योजना निर्देशनालयमा पठाउनु पर्नेछ ।
४. प्रत्येक वर्ष नियमित रूपमा क्याम्पस/कलेजको वार्षिक प्रगति विवरण तथा आर्थिक विवरण त्रि.वि.योजना निर्देशनालय तथा त्रि.वि. अनुगमन निर्देशनालयमा पठाउनु पर्नेछ ।
५. क्याम्पस/कलेजको संचालन तोकिएको स्थानमा नै गर्नुपर्ने छ र यसको कुनै शाखा खोल्न पाइने छैन । क्याम्पस/कलेजको संचालन नियमावली अनिवार्य रूपले कक्षा सञ्चालन गरेको १ महिनाभित्र त्रि.वि. योजना निर्देशनालय तथा अनुगमन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।
६. त्रि.वि. परीक्षाको लागि आवश्यक भएमा क्याम्पस/कलेजका भौतिक सुविधा प्रयोग गर्न दिनुपर्नेछ ।
७. त्रि.वि.को नियम विनियम पालना गर्नु पर्नेछ ।
८. अन्य विश्वविद्यालयसँग सम्वन्धन लिई सञ्चालन गरेको कार्यक्रम यसै आ.व.देखि खारेज गर्नु पर्नेछ ।
९. त्रि.वि.बाट सम्बन्धन पाएको मितिले १ वर्षभित्र कार्यक्रम सञ्चालन नगरेमा स्वीकृत प्राप्त कार्यक्रम स्वतः रद्द हुनेछ ।
१०. त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरुले प्रयोगात्मक परीक्षा हुने विषय अध्यापन गर्ने भएमा सम्पूर्ण प्रयोगात्मक परीक्षा शुल्क क्याम्पस/कलेजले नै व्यहोर्नु पर्नेछ ।
११. मानविकि तथा सामाजिकशास्त्र संकायद्धारा सञ्चालित प्रवेश परीक्षामा योग्य ठहरिएकामध्ये बढिमा ३५ जनासम्म विद्यार्थी भर्ना गरी एउटा सेक्सन संचालन गर्नुपर्ने छ । सोहि संख्या भित्र रहने गरी त्रि.वि. सम्बन्धन सम्बन्धी विनियम २०७३ को परिच्छेद ९ को नियम २२ (१) र (२) बमोजिम विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने छ ।
१२. कार्यक्रम संचालनको लागि मानविकि तथा सामाजिकशास्त्र संकाय, डीनको कार्यालयले तोकेको र भविष्यमा तोक्ने मापदण्डहरु अनिवार्य रुपमा क्याम्पस/कलेजले पालना गर्नुपर्ने छ ।
१३. क्याम्पस/कलेजमा आवश्यक प्रयोगशाला र शैक्षिक उपकरणहरुको अनिवार्य रुपमा व्यवस्था गर्नुपर्ने छ ।
१४. त्यस क्याम्पस/कलेजका विद्यार्थीहरुको परीक्षा त्रि.वि.ले तोकेको क्याम्पस/कलेजमा सञ्चालन हुनेछ ।

*तोकिएका शर्तहरू पालना नगरेमा क्याम्पस/कलेजलाई प्रदान गरिएको अस्थायी सम्वन्धनको स्वीकृति स्थगन अथवा रद्द गरेमा हामी मन्जूर छौं ।*

(प्रा.डा. ऋदिश कुमार पोखरेल)
कार्यकारी निर्देशक

**उपरोक्त शर्तहरू पालना गर्नेछौं**

संचालक समितिको अध्यक्षः– ..............................

क्याम्पस प्रमुखः– सन्दीप श्रेष्ठ

2075/5/28

<u>बोधार्थ तथा कार्यार्थः–</u>
- श्रीमान् डीनज्यू, मानविकि तथा सामाजिकशास्त्र संकाय त्रि.वि., कीर्तिपुर ।
- श्री परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खु ।
- श्री अनुगमन निर्देशनालय, त्रि.वि.,कीर्तिपुर ।
- श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर ।
- श्री सूचना तथा जनसम्पर्क महाशाखा, त्रि.वि., कीर्तिपुर ।
- श्री लेखा परीक्षण महाशाखा, त्रि.वि., कीर्तिपुर ।

त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
**योजना निर्देशनालय**
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं. २४८ फा.नं. ०७७/७८

मितिः २०७७।९।२२

श्री प्रिन्सिपल
सम्वृद्धि कलेज
लोकन्थली, भक्तपुर ।

**विषयः <u>मानविकि तथा सामाजिकशास्त्र संकायको कार्यक्रम नवीकरण गरिएको बारे ।</u>**

त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी हाल सञ्चालनमा रहेको त्यस कलेजले कार्यक्रम नवीकरणका लागि आवेदन गरेकोमा, त्रि.वि. कार्यकारी परिषद्को मिति २०७४।७।१३ गतेको निर्णय बमोजिम त्रि.वि. मानविकि तथा सामाजिकशास्त्र संकायको प्राज्ञिक नियन्त्रणमा त्यस कलेजमा सञ्चालित कार्यक्रमहरु मिति २०७४।७।१३ देखि २ वर्षसम्मको लागि नवीकरण गर्ने निर्णय भएको व्यहोरा आवश्यक जानकारी तथा कार्यार्थ अनुरोध गर्दछु ।

(प्रा.डा. ऋदिश कुमार पोखरेल)
कार्यकारी निर्देशक

<u>बोधार्थ तथा कार्यार्थः–</u>

- श्रीमान् डीनज्यू, मानविकि तथा सामाजिकशास्त्र संकाय, त्रि.वि., कीर्तिपुर ।
- श्री परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खु ।
- श्री अनुगमन निर्देशनालय, त्रि.वि.,कीर्तिपुर ।
- श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर ।

फोनः ४३३०४३७, ४३३०४२१, फ्याक्स ९७७-१-४३३१९६४, E-mail: planning@tribhuvan-university.edu.np, P.O.Box No.: 8212

त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
**योजना निर्देशनालय**
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं. ९६५ च.नं. ०६६/६८                                                    मिति: २०७७।०१।०२

श्री प्रिन्सिपल
समृद्धि कलेज
लोकन्थली, भक्तपुर ।

**विषयः <u>कार्यक्रम नवीकरण गरिएको बारे ।</u>**

त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी हाल सञ्चालनमा रहेको त्यस कलेजले कार्यक्रम नवीकरणका लागि आवेदन गरेकोमा, त्रि.वि. कार्यकारी परिषद्को मिति २०७६।२।१५ गतेको निर्णय बमोजिम त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थानको प्राज्ञिक नियन्त्रणमा त्यस कलेजमा सञ्चालित B.Sc. CSIT कार्यक्रम मिति २०७४।५।१९ देखि २ वर्ष सम्मको लागि नवीकरण गर्ने निर्णय भएको व्यहोरा आवश्यक जानकारी तथा कार्यार्थ अनुरोध गर्दछु ।

(प्रा.डा. ऋदिश कुमार पोखरेल)
कार्यकारी निर्देशक

<u>बोधार्थ तथा कार्यार्थः–</u>

- श्रीमान् डीनज्यू, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, त्रि.वि., कीर्तिपुर ।
- श्री परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खु ।
- श्री अनुगमन निर्देशनालय, त्रि.वि.,कीर्तिपुर ।
- श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर ।

फोनः ४३३०४३७, ४३३०४२१, फ्याक्स ९७७-१-४३३१९६४, E-mail: planning@tribhuvan-university.edu.np, P.O.Box No.: 8212